# सिदिङ्वा गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः४ संख्याः २ मितिः २०८०।११।१७


**भाग–२**

**सिदिङ्वा गाउँपालिका**

**सिदिङ्वा गाउँपालिका गाउँकार्यपालिकाबाट पारित**

सिदिङ्वा गाउँपालिकाको संघसंस्था दर्ता, नियमन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

आज्ञाले,

रुद्र प्रसाद बेघा

नि. प्रमुख प्रशासकीय अधिकृत

# सिदिङ्वा गाउँपालिकाको संघसंस्था दर्ता, नियमन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति- २०८०/०९/२६**


**सिदिङ्वा गाउँपालिका**

**गाउँ कार्यापलिकाको कार्यालय**

**साब्लाखु, ताप्लेजुङ**

**कोशी प्रदेश, नेपाल**

# सिदिङवा गाउँपालिकाको संघसंस्था दर्ता, नियमन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:** सिदिङवा गाउँपालिकाप्रतिको जनताको अपेक्षा, चाहानालाई आत्मसात गर्दै विकासका सबै आयामहरुलाई अनुशासित र मर्यादित ढंगले समानान्तर गतिमा अगाडी बढाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (४) को खण्ड "ठ" मा भएको व्यवस्था बमोजिम सिदिङवा गाउँपालिकामा कार्यक्षेत्र हुने संघसंस्थाहरुको दर्ता, नियमन तथा संचालन सम्वन्धमा आवश्यक कार्यविधि तयार गरी कार्य अघि बढाउन वाञ्छनीय देखिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको र सिदिङवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०९/२६ मा बसेको बैठकले स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "सिदिङवा गाउँपालिको संघ संस्था नियमन तथा संचालन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषा :-**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "संघ संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक, संचार, मनोरञ्जनात्मक, पर्यावरण, खेलकुद, परोपकारी विषय क्षेत्रसँग सम्बन्धित वा सीपमूलक कार्यहरुको विकास र विस्तार गर्ने उद्देश्यले स्थापना भएको सरकारी वा गैरसरकारी संघसंस्था वा क्लब, मण्डली, परिषद, समूह, समिति, सामुदायिक अध्ययन केन्द्र तथा कुनै पनि जाति तथा धर्म विशेषको उत्थान तथा संरक्षणमात्र गर्ने उद्देश्यले गठन हुने सामुदायिक समाज जस्तै आर्य समाज, लिम्बू समाज, हिन्दु समाज, ईसाइ समाज आदिलाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले सिदिङवा गाउँपालिको संघसंस्था नियमन तथा सञ्चालन कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका प्रमुख" भन्नाले "सिदिङवा गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई

सम्झनु पर्छ ।

(घ) "गाउँपालिका उपप्रमुख" भन्नाले "सिदिङवा गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले "सिदिङवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा वा गाउँकार्यपालिका वा गाउँसभाबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "प्रचलित कानून" भन्नाले संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत संघ संस्था सम्बन्धी कानूनी व्यवस्थालाई सम्झनु पर्छ ।

(ज) "गाउँपालिका" भन्नाले सिदिङवा गाउँपालिकालाई सम्झनु पर्छ र सो शब्दले गाउँ कार्यपालिकाको कार्यालय समेतलाई जनाउँछ ।

(झ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १६ बमोजिम गठित अनुगमन तथा निर्देशक समितिलाई सम्झनु पर्छ ।

(ञ) "गाउँ कार्यपालिका" भन्नाले सिदिङवा गाउँपालिकाको गाउँ कार्यपालिकालाई

जनाउँछ ।

(ट) "गाउँसभा" भन्नाले सिदिङवा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

## परिच्छेद २
## संघसंस्था सम्बन्धी व्यवस्था

**३. संघसंस्था स्थापना गर्न सकिने :-**

(१) गाउँपालिका क्षेत्रमा समान उद्देश्य राखेर समाजको विकासमा सहयोग पुर्याउने संघसंस्था स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको संघसंस्थाले संस्था सञ्चालनका मुख्य विषय समेटी विधान तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गरिएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विधानमा देहायका कुराहरुको स्पष्ट व्यवस्था गरेको हुनु पर्नेछ ।

(क) संघसंस्था स्थापनाको उद्देश्य,
(ख) कम्तिमा तीन जना महिलासहित कम्तीमा नौ जना पदाधिकारी रहेको कार्य समिति,

(ग) प्रत्येक तीन बर्षमा कार्य समितिको निर्वाचन,
(घ) बर्षमा एक पटक साधारण सभा र विशेष साधारण सभा,
(ङ) संस्थाको आयश्रोत र खर्च गर्ने विधि,
(च) सदस्यता सम्बन्धी व्यवस्था,
(छ) लेखापरीक्षण सम्बन्धी व्यवस्था ।

## ४. संस्था दर्ता नगरी सञ्चालन गर्न नहुने

(१) यस कार्यविधि बमोजिम दर्ता नगरी संघसंस्था सञ्चालन गर्न पाईने छैन ।

(२) यो कार्यविधि प्रारम्भ हुनुअघि खोलिएका संस्थाहरु यसै कार्यविधि बमोजिम एक वर्षभित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(३) यो कार्यविधि बमोजिम दर्ता वा सुचीकृत नभएका संघसंस्थासँग गाउँपालिकाले कुनै सहकार्य गर्ने छैन र कुनै कार्यक्रम सञ्चालन गर्ने छैन ।

## ५. संस्थाको सदस्य सम्बन्धमा

(१) नेपाली नागरिक हुनुपर्नेछ ।
(२) अदालतबाट कुनै पनि किसिमको फौजदारी अभियोग लागेको व्यत्ति हुनुहुदैन
(३) संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास भएको व्यक्ति हुनुपर्नेछ ।
(४) संस्थाको विधानमा उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर गरेको व्यक्ति हुनुपर्नेछ ।
(५) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको व्यक्ति हुनुपर्नेछ ।
(६) कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्ति साधारण सदस्यमात्र रहन पाउनेछ ।

## ६. संघसंस्था दर्ता गर्ने

(१) संघसंस्था दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजातसहित अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।
(क) संघसंस्थाको विधान ।
(ख) कार्य समितिका पदाधिकारीहरुको नाम, ठेगाना, पेशा र शैक्षिक योग्यताको विवरण
(ग) कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा जाँचबुझ गरी दर्ता गर्न मिल्ने देखिएमा प्रमुख प्रसासकिय अधिकृतले संस्था दर्ता गरी अनुसूची २ “क” बमोजिमको प्रमाणपत्र दिनु पर्ने छ ।

## ७ संघ संस्था दर्ता नहुने

(१) प्रचलित ऐन कानूनले कानून विपरीतका कार्य मानेका कुनै पनि काम गर्ने उद्देश्यले गठित संघ संस्था दर्ता गरिने छैन ।

## ८. संघसंस्थाको दायित्व हुने :-

(१) गाउँपालिका क्षेत्रभित्र यो कार्यविधि प्रारम्भ हुनु अघि गठन भई सञ्चालनमा रहेका संघसंस्थाले एक वर्ष भित्र गाउँपालिकामा संस्था दर्ता गर्नु पर्नेछ ।
(२) संघसंस्थाले वार्षिक कार्य योजना र आर्थिक वर्ष समाप्त भएपछि आफुले सम्पादन गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।
(३) गाउँपालिकामा दर्ता वा सूचीकृत नभएका संघसंस्थालाई गाउँपालिकाले कुनै किसिमको सहयोग गर्न सक्ने छैन ।
(४) तोकिएको समयमा दर्ता वा सूचीकृत गर्नु वा नविकरण गराउनु सम्बन्धित संघसंस्थाको कर्तव्य हुनेछ ।
(५) गाउँपालिकामा दर्ता वा सूचीकृत भएका संघसंस्थाले गाउँपालिकाको नीति योजना र बजेटको परिधिभित्र रहि आवश्यक सहकार्य गर्न सक्नेछ ।
(६) वडा कार्यालयहरुले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका संघसंस्थालाई गाउँपालिकामा दर्ता वा सूचीकृत गर्न उत्प्रेरित गर्नु पर्नेछ ।

## ९. संघसंस्था नवीकरण सम्बन्धी व्यवस्था

(१) यस कार्यविधिको दफा ६ बमोजिम दर्ता भएका वा दफा १३ बमोजिम सूचीकृत भएका संघसंस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गाउँपालिकामा संस्था नविकरण गर्नु पर्नेछ ।
(२) संस्था दर्ता गर्न दर्ता शुल्क गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था बमोजिम हुनेछ ।
(३) संघसंस्थाले नवीकरण गर्नको लागि अनुसूची ३ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।
(४) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि आवश्यक प्रक्रिया पुरा गरी अनुसूची २ "ख" बमोजिमको प्रमाणपत्र दिनु पर्ने छ ।
(५) उपदफा (१) बमोजिमको म्याद भित्र नवीकरण नगर्ने संस्थाले अर्को तीन महिना भित्र नविकरण गर्न निवेदन दिएमा गाउँपालिकाले नवीकरण शुल्कको पचास प्रतिशत दस्तुर संस्था नवीकरण गर्न सक्नेछ

## १०. संघसंस्था संगठित संस्था मानिने :-

(१) यस कार्यबिधि बमोजिम दर्ता भएको कुनै पनि संघसंस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । त्यस्तो संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्न गर्न, खरिद बिक्रि गर्न, उपभोग गर्न तथा हस्तान्तरण गर्न सक्नेछ ।
(२) संघसंस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।
(३) संघसंस्थाको छुट्टै छाप हुनेछ ।

(४) प्रचलित कानुन अनुसार स्वीकृति लिएर मात्र संघसंस्थाको सम्पति बिक्री वा हस्तान्तरण गर्न सकिने छ ।

**११. संस्थाको सम्पति मानिने**

(१) देहाय बमोजिमको चल अचल सम्पत्ति संस्थाको सम्पत्ति मानिनेछ ।

(क) संस्थाले आफ्नो उद्देश्य कार्यन्वयन गर्दा प्राप्त गरेको रकम वा सम्पति,

(ख) सदस्यता शुल्क वापत प्राप्त भएको रकम,

(ग) दानदातव्य, उपहार, चन्दा, सहयोग वा अनुदानबाट संस्थालाई प्राप्त चल अचल सम्पत्ति

(घ) संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट संघ संस्थालाई प्राप्त चलअचल सम्पति

(ङ)अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोतर, यस्तो सहयोग लिन गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(च) संघसंस्थालाई अन्य जुनसुकै स्रोतबाट प्राप्त भएको चलअचल सम्पति

**१२. संघ संस्थाको बैंक खाता संचालन विधि :**

(१) संघसंस्थाले आर्थिक कारोबार सञ्चालन गर्न संस्थाको नाममा स्थानीय बैंकमा खाता खोल्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाताको संचालन संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम बैंक खाता खोल्न र बन्द गर्नु परेमा गाउँपालिकाको सिफारिस अनिवार्य हुनेछ ।

(४) संघसंस्थाका पदाधिकारी, सदस्य, कर्मचारी वा कुनै व्याक्तिले संघसंस्थाको सम्पति हिनामिना गर्न पाउने छैन ।

(५) संघसंस्थाको सम्पत्ति कुनै कार्यमा खर्च गर्नु पर्ने भएमा कार्य समितिले निर्णय गरे अनुरुप खर्च गर्न सकिनेछ ।

(६) यस कार्यविधि विपरीत हुने गरी कसैले कुनै अनुचित कार्य गरेको पाईएमा समितिले आवश्यक कार्वाही गर्न सक्नेछ ।

**१३. गाउँपालिकामा सूचीकृत गर्नुपर्ने**

(१) गाउँपालिका बाहेक अन्य कुनै निकायमा दर्ता गरी गाउँपालिका क्षेत्रमा संचालनमा रहेका संघसंस्थाहरु यो कार्यविधि लागू भएको एक वर्षभित्र गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुको उद्देश्य र कामको प्रकृतिका आधारमा तोकिए बमोजिम वर्गिकरण गरिनेछ ।

(३) गाउँपालिका बाहेक अन्यत्र सञ्चालनमा रहेका संघसंस्थाहरुले गाउँपालिका क्षेत्रमा कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा गाउँपालिकामा संस्था सुचीकृत गरी अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम सुचीकृत हुन संघसंस्थाले अनुसुची ४ बमोजिमको ढाँचामा गाउँपालिका निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी सुचीकृत गर्न उपयुक्त देखेमा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था बमोजिमको दस्तुर लिई सूचीकृत गरी अनुसुची (५) बमोजिमको सूचीकृत प्रमाणपत्र प्रदान गर्नेछ ।

(६) उपदफा (३) बमोजिम सुचीकृत भएका संघसंस्थाले गाउँपालिका क्षेत्रमा कुनै कार्यक्रम गर्न चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएका कागजात संलग्न राखी अनसूची ६ बमोजिमको ढाँचामा अनुमतिको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदनउपर गाउँपालिकाले छानविन गरी कार्यक्रम गर्ने अनुमति दिन सक्नेछ ।

(८) वडामा क्रियाशिल संघसंस्थाहरुलाई यस कार्यविधि बमोजिम दर्ता गर्ने गराउने कार्यमा सम्बन्धित वडा कार्यालयबाट सहयोग, सहजीकरण र आवश्यकता अनुसार सिफारिस समेत गरी दिनु पर्नेछ ।

(९) यस दफा बमोजिम सुचीकृत नभएका वा अनुमति नलिएका संघसंस्थाले गाउँपालिका क्षेत्रमा कुनै कार्यक्रम सञ्चालन गरेको पाईएमा त्यस्तो कार्यमा गाउँपालिकाले रोक लगाउन सक्नेछ ।

(१०) दर्ता वा सुचीकृत नभएका संघसंस्थालाई गाउँपालिकाबाट कुनै किसिमको सहयोग प्राप्त हुन सक्ने छैन ।

**१४. संघ संस्थाको उद्देश्यमा हेरफेर हुनसक्ने :-**

(१) एउटा उद्देश्य राखी दर्ता भएको संघसंस्थाले आफ्नो उद्देश्य परिवर्तन गर्न वा विस्तार गर्न उचित देखेमा कार्य समितिले सो सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२ )साधारण सभामा उपस्थित कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको समर्थन प्राप्त गरी भएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्नपूर्व प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती लिनु पर्नेछ ।

**१५. संघसंस्थाको हिसाबकिताब पारदर्शी हुनु पर्ने :-**

(१) संघसंस्थाको आम्दानी खर्च तथा आर्थिक कारोबारको हिसाबकिताब दुरुस्त अभिलेख राख्ने दायित्व कोषाध्यक्षको र प्रशासनिक तथा अन्य कामको अभिलेख राख्ने दायित्व सचिवको हुनेछ ।

(२) संघसंस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आम्दानी खर्चको ईजाजत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई गाउँपालिकामा सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) सघ संस्थाको चलअचल सम्पत्ति हिनामिना भएको, लापर्वाही भएको र सन्तोषजनक नभएको भनी कसैले लिखित उजुरी दिएमा निर्देशक समितिले कर्मचारी खटाई आवश्यक जाँचबुझ गराउन वा लेखापरीक्षण गराउन आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम परेको उजुरीका सम्बन्धमा निर्देशक समितिको निर्णय, निर्देशन वा आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (२) बमोजिम परेको उजुरीउपर जाँचबुझ गर्दा निर्देशक समितिले उपयुक्त ठहराएमा तोकिएको जरिवाना गर्न, संस्था दर्ता खारेज गर्न वा खारेजीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद ३
## संघ संस्थाको अनुगमन तथा मूल्यांकन

**१६. वडास्तरीय अनुगमन समिति :-** (१) यस कार्यविधि बमोजिम दर्ता वा सूचीकृत भएका गाउँपालिकाका वडाहरुमा क्रियाशिल रहेका संघसंस्थाहरको अनुगमन गर्न प्रत्येक वडामा देहाय बमोजिमको  वडास्तरीय अनुगमन तथा निर्देशक समिति रहनेछ ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष– संयोजक

(ख) एक जना महिला सहित वडा सदस्यमध्येबाट दुई जना– सदस्य

(ग) वडामा क्रियाशिल संघसंस्था वा समुहको प्रतिनिधिमध्ये वडा समितिले मनोनित गरेको एक जना प्रतिनिधि – सदस्य

(घ) सम्बन्धित वडा सचिव – सदस्य सचिब

(२) वडास्तरीय अनुगमन तथा निर्देशक समितिले संघसंस्था दर्ता वा सूचीकृत भए नभएको वा अनुमती लिए नलिएको लगायत संस्थाले सञ्चालन गरेका कार्यक्रमको औचित्य, प्रगति र प्रभावकारिता समेतको अनुगमन गर्नेछ ।

**१७. पालिकास्तरीय अनुगमन तथा निर्देशक समिति**

(१) पालिका क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुको अनुगमन तथा मुल्यांकन गर्नको लागि देहाय बमोजिमको पालिकास्तरीय अनुगमन तथा निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष– संयोजक

(ख) प्रमुख प्रसासकिय अधिकृत– सदस्य

(ग) कार्यपालिका सदस्यहरुमध्येबाट कार्यपालिकाले छनौट गरेका दुई जना– सदस्य

(घ) संघसंस्थाको प्रतिनिधिमध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको प्रतिनिधि दुई जना– सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुख – सदस्य सचिव

(२) निर्देशक समितिले गाउँपालिकाको पदाधिकारी वा कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको बैठक आवाश्यकता अनुसार बस्नु पर्नेछ ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ।

**१८. निर्देशक समितिको काम, कर्तव्य र अधिकार**

(१) निर्देशक समितिले समय समयमा संघसंस्थाको अनुगमन गरी आवश्यक राय सुझाव र निर्देशन दिन सक्नेछ।

(२) निर्देशक समितिले पालिकामामा क्रियाशिल संघसंस्थाहरुको कार्यशैली, समुदायस्तरमा पारेको प्रभाव, गुणस्तर र परिणाम समेतको आधारमा मूल्यांकन गरी सफल र उत्कृष्ट देखिएको संस्थालाई पुरष्कृत गर्न गाउँकार्यपालिकामा सिफारिस गर्न सक्नेछ।

(३) निर्देशक समितिले गरेका कार्यहरुको प्रतिवेदन तयार गरी पालिका प्रमुख समक्ष पेश गर्नु पर्नेछ (४) निर्देशक समितिले संघसंस्था सम्बन्धी गाउँपालिकाको नीति र कार्यक्रम तर्जुमा गर्न राय सुझाव दिन तथा त्यस्ता कार्यहरुका बारेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन गर्न सक्नेछ।

(५) निर्देशक समितिले पालिका प्रमुखबाट प्राप्त राय सुझाव तथा निर्देशनको पालना गर्नु पर्नेछ।

## परिच्छेद-४

## विविध

**१९. संघ संस्था एकअर्कामा गाभिन सक्ने :**

(१) यस कार्यविधि बमोजिम दर्ता भएका दुई वा सोभन्दा बढी संघसंस्थाहरु गाभिई एउटै संस्थामा आवद्ध हुन चाहेमा गाभिन चाहने सबै संघसंस्थाले आ आफ्नो साधारण सभा बोलाई सम्बन्धित संघसंस्थाको सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको समर्थन प्राप्त भएमा एक अर्कामा गाभिन वा एकिकृत हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संघसंस्था गाभिएमा वा एकिकृत भएमा पैतिस दिनभित्र सोको जानकारी गाउँपालिकामा दिनु पर्नेछ।

**२०. संघसंस्था विघटन सम्बन्धी व्यवस्था :-**

(१) देहायका् अवस्थामा संघसंस्था विघटन भएको मानिनेछ।

(क) संघसंस्थाका एकहत्तर प्रतिशत सदस्यहरुले संस्था विघटन गर्ने लिखित निर्णय गरेमा।

(ख) संघसंस्था टाट पल्टिएमा। सस्थाको उदेश्य अनुरुपको लक्ष्य प्राप्त गरी सकिएमा।

(ग) संस्थाको उद्देश्य अनुरुपको लक्ष्य प्राप्त गरी सकिएमा।

(घ) लगातार तीन वर्षसम्म नवीकरण नगरिएमा।

(२) उपदफा (१) बमोजिम कुनै कारणले संस्था विघटन भएमा उक्त संस्थाको स्वामित्वमा रहेको सम्पूर्ण चल अचल सम्पति सिदिङवा गाउँपालिकाको जिम्मामा रहने छ।

(३) उपदफा (२) बमोजिम प्राप्त चलअचल सम्पति निर्देशक समितिले उपयुक्त ठहराएमा अर्को कुनै संघसंस्थालाई प्रयोग गर्न दिन, हस्तान्तरण गर्न वा गाउँपालिका आफैले प्रयोग गर्ने गरी गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

**२१. कार्यविधिमा संशोधन, खारेजी र बचाउ**

(१) गाउँ कार्यपालिकाले यस कार्यविधिमा संशोधन वा हेरफेर वा खारेज गर्न सक्नेछ । (२) यो कार्यविधि प्रारम्भ हुनु अघि गाउँपालिकाबाट संघसंस्था सम्बन्धी भए गरिएका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**२२. बाधा अड्काउ फुकाउने अधिकार :-**

(१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ वा द्बिविधा भएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**२३. अमान्य हुने**

(१) यस कार्यविधिमा भएको कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएको पाइएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**२४. काम कार्वाही सञ्चालन हुने**

(१) संस्था दर्ता, सूचीकृत, नवीकरण र संघसंस्था सम्बन्धी अन्य कार्यहरु गाउँपालिकाको सामाजिक विकास शाखाबाट सञ्चालन हुनेछ ।

(२) वडा कार्यालयमा संघसंस्था सम्बन्धी कार्यको जिम्मेवारी सम्बन्धित वडा सचिवको हुनेछ ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**संस्थादर्ता गर्न दिने निवेदनको ढाँचा**

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

सिदिङवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, साब्लाखु, ताप्लेजुङ ।

विषयः संस्था दर्ता गरी पाउँ ।

उपरर्युक्त सम्बन्धमा सिदिङवा गाउँपालिका वडा नं. ..........मा ........................... उद्देश्यका साथ गठन भएको ...................................... नामको संस्था गाउँपालिकामा दर्ता गर्नका लागि तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छौं । संस्था सञ्चालन सम्बन्धी गाउँपालिकाले जारी गरेका नीति नियम तथा कार्यविधिको पालना गर्न हामी मञ्जुर छौं नियमानुसार उक्त संस्था दर्ता गरी दिन हुन अनुरोध गर्दछौं ।

निवेदक

संस्थाको नाम ................................

अध्यक्षको नाम.............

हस्ताक्षर ........................................

संलग्न कागजातहरु

(क) संस्था गठन गर्ने सम्बन्धी सभाको निर्णय,

(ख) संस्था दर्ता गर्ने कार्य समितिको निर्णय

(ग) संस्थाको विधान,

(घ) राजश्व दाखिलाको प्रमाण,

(ङ.) सम्बन्धित वडा कार्यालयको सिफारिस

अनुसूची-२ “क”

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

सिदिङवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साब्लाखु, ताप्लेजुङ

## संस्था दर्ताको प्रमाणपत्रको ढाँचा

संस्था दर्ता नं. :

दर्ता मिति :-

संस्थाको नाम श्री ..................................

संस्थाको ठेगाना :- सिदिङवा गाउँपालिका वडा नं .............ताप्लेजुङ

विषयः - संस्था दर्ता प्रमाणपत्र

मिति २०..../...../.... को माग निवेदन अनुसार सिदिङवा गाउँपालिकाको संघसंस्था नियमन तथा सञ्चालन कार्यबिधि, २०८० को दफा ६ को उपदफा (२) बमोजिम सिदिङवा गाउँपालिका वडा नं. मा स्थापना भएको उक्त संस्था यस गाउँपालिकामा दर्ता गरी यो संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत :

नाम थर :

पद :

अनुसूची-२ “ख”

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

सिदिङवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साब्लाखु, ताप्लेजुङ

**संस्था नविकरण प्रमाणपत्रको ढाँचा**

संस्था दर्ता नं. :

दर्ता मिति :-

संस्थाको नाम श्री ...................................

संस्थाको ठेगाना :- सिदिङवा गाउँपालिका वडा नं .............ताप्लेजुङ

विषयः - संस्था नविकरण प्रमाणपत्र

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत दर्ता रहेको यस संस्थाले मिति ......................... गते आ.व. ............. को देहाय वमोजिमको कर चुक्ता गरिएकोले यो नविकरण प्रमाण पत्र प्रदान गरिएको छ ।

| नविकरण अवधी | गत आ.व. को छुट/जरिमाना रु. | आ.व. .......... को कर दाखिला रकम रु. | रसिद नं. | दाखिला गरेको जम्मा रकम रु. |
|---|---|---|---|---|
| | | | | |

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत :

नाम थर :

पद :

अनसूची ३

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

## संघसंस्था नवीकरण गर्न पेश गर्ने निवेदनको ढाँचा

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

सिदिङवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,

साब्लाखु, ताप्लेजुङ ।

विषय : संस्था नविकरण गरी पाउँ ।

प्रस्तुत विषयमा सिदिङवा गाउँपालिका वडा नं. ……….. मा सञ्चालनमा रहेको ……………………संस्था यस नगरपालिकामा दर्ता/सुचीकृत भई क्रियाशिल रहेकोमा हाल म्याद समाप्त भई नवीकरण गर्नु पर्ने भएकोले उक्त संस्था नियामानुसार नवीकरण गरिदिन हुन देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछौं ।

निवेदक

हस्ताक्षर ……………………………………

अध्यक्षको नाम………………………………

संस्थाको नाम ………………………………

मिति ………………………………………

संस्थाको छाप

संलग्न कागजातहरु

(क) लेखापरिक्षण प्रतिबेदन,

(ख) नवीकरण गर्ने सम्बन्धी संस्थाको निर्णय

(ग) नवीकरण दस्तुर बुझाएको रसिद,

(घ) कर चुक्ताको प्रमाणपत्र

अनुसूची-४

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

**संघसंस्था सूचीकृत हुन पेश गर्ने निवेदनको ढाँचा**

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

सिदिङवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ ।

**विषय : संस्था सूचीकृत गरी पाउँ ।**

प्रस्तुत विषयमा सिदिङवा गाउँपालिका वडा नं. ........... मा सञ्चालनमा रहेका ........................संस्था यस गाउँपालिकामा सूचीकृत गर्नु पर्ने भएकोले आ.व. ......... को लागि यस संस्थालाई नियामानुसार सूचीकृत गरिदिन हुन देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछौं ।

निवेदक

आधिकारिक व्यक्तिको हस्ताक्षर ....................

नाम..................................

संस्थाको नाम ..........................

मिति ......................................

संस्थाको छाप

संलग्न कागजातहरु

(क) संस्था दर्ताको प्रमाणपत्र,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) सुचीकृत गर्न दस्तुर बुझाएको रसिद,

(घ) कर चुक्ताको प्रमाणपत्र

अनुसूची-५

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

**संघसंस्था सूचीकृत भएको प्रमाणपत्रको ढाँचा**

मितिः-

संस्था सूचीकृत संख्या :

संस्थाको नाम श्री ....................................

संस्थाको ठेगाना :- सिदिङ्वा गाउँपालिका वडा नं ......... ताप्लेजुङ

**विषयः - संस्था सूचीकृत भएको प्रमाणपत्र।**

मिति ........................ मा यस कार्यालयमा पेश भएको निवेदन अनुसार जिल्ला ........... गा.पा. / न.पा ...................... वडा नं. ... मा मुख्य कार्यालय रहेको .............................. संस्था सिदिङ्वा गाउँपालिको संघसंस्था नियमन तथा सञ्चालन कार्यविधि, २०८० बमोजिम आ.व. ......... को लागि यस कार्यालयमा सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

संस्था सुचीकृत गर्ने अधिकारीको दस्तखत :

नाम थर :

पद :

अनुसूची-६

(दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

## अनुमतिको लागि संघ संस्थाले दिने निवेदनको ढाँचा

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

सिदिङवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ ।

**विषय : कार्यक्रम सञ्चालनको लागि अनुमति पाउँ भन्नेबारे ।**

प्रस्तुत विषयमा यस संस्थाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिदिङवा गाउँपालिका वडा नं. मा ........................ कार्यक्रम सञ्चालन गरिने भएको हुँदा सोको लागि गाउँपालिकाबाट अनुमति प्रदान गरिदिन हुन यस संस्थाको देहायको विवरण सहित निवेदन पेश गर्दछु ।

संस्थाको नाम, ठेगाना ...........................

कार्यक्रमको नाम.......................................

कार्यक्रम सञ्चालन गर्ने वडा / क्षेत्र

संस्थाको प्रतिनिधिको नाम थर .................

पद :.............................................

सम्पर्क नं. .............................................

इमेल : ...................................................

कार्यक्रम संचालन अवधी ................................

लाभग्राहीको विवरण लक्षित वर्ग...............................

अनुमानित लाभान्वित संख्या कार्यक्रमको लागत विवरण खर्चको स्रोत................

बजेट रु......................

निवेदक